
# लेखापरीक्षण प्रतिवेदन

## कालीगण्डकी गाउँपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## कालीगण्डकी गाउँपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/613

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
कालीगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
स्याङ्जा।

## कैफियत सहितको राय

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२ करोड ७१ लाख १ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ७ लाख ५० हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ३ लाख ८१ हजार, सामाजिक विकास कार्यक्रमको रु. ३ लाख ११ हजार र पर्यटन पूर्वाधार विकास आयोजनाको रु. २९ लाख ६ हजार समेत रु. १३ करोड १४ लाख ४९ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्ब ३१ करोड ५७ लाख ३२ हजारको लेखापरीक्षण गरिएकोमा रू. ७० लाख २४ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. ३८ लाख ५७ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. ३१ लाख ६७ हजार मध्ये प्रमाण कागजात पेश हुनुपर्ने रु. १३ लाख १६ हजार र नियमित गर्नुपर्ने रु. १८ लाख ५१ हजार रहेको छ। गत वर्षसम्म रु. २ करोड ७७ लाख ३६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ३ करोड ९ लाख ३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय

विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५१ | ९ | ७०,२४,१९४ | ० | ५ | ३८,५६,८३३ | ० | ५१ | ४ | ३१,६७,३६१ | ० | १८,५०,७६१ | १३,१६,६०० | ० | ० | ३१,६७,३६१ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङ्जा | २,७७,३६,००० | ० | ० | २,७७,३६,००० | ० | ३१,६७,३६१ | ३,०९,०३,३६१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा नं. | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४२ | वीमाको बिल: | ३,५०,०००.० |
| २ | २०८०/८१ | ५०.२ | भवन निर्माणः | १,०८,८०७.५१ |
| ३ | २०८०/८१ | ५५ | बढि भुक्तानीः | ५४,४७९.० |
| ४ | २०८०/८१ | ५६ | डिजिटल भिलेज प्रोफाइल निर्माण: | १९,९३,५४६.० |
| ५ | २०८०/८१ | ४९ | कार्यसम्पादन जमानत: | १३,५०,०००.० |
| | जम्मा | | | ३८,५६,८३३.० |

# (८०४४३५०३३०० - कालीगण्डकी गाउँपालिका, स्याङ्ज्जा )

# कालीगण्डकी गाउँपालिका , स्याङ्जा

# परिचय

१ **परिचय**

**क) कार्यालय परिचय:-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नुको साथै स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ७३.५१ वर्ग किलोमिटर तथा १७९५५ जनसंख्या रहेको छ।

**ख) लेखापरीक्षणको उद्देश्य:-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।५ देखि २०८१।६।१६ सम्म रहेको छ ।

**घ) लेखापरीक्षण विधि:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**च) आर्थिक कारोबारको स्थिति:-** पालिकाको गत वर्षको मौज्दात अल्या रु. ९९२६९४५४.५, आय तर्फ रु. ६५८४१८१४८.९६, खर्च तर्फ रु. ६५७३१३५९४.५२ र यस वर्षको मौज्दात रु. १००३७४००८.९४ रहेकोमा रु. १ अर्ब ३१ करोड ५७ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरुः-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणः**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन | | | |
|---|---|---|---|
| | म.ले.प.फा.नं. २७०-०१ | | |
| | विवरण | यस आ.व.को कारोवार | गत आ.व.को कारोवार |
| क्रं.सं. | राजस्व अनुदान र अन्य प्राप्ति | नगद जम्मा | नगद जम्मा |
| | कर | ७४२६३५२३।६४ | ६८८५७५३४।१० |
| | अनुदान | ३३८१७८१३९।९२ | ३१३४५५८७८।०८ |
| | अन्य राजस्व | ६१०१६७५५।५५ | ५६१७११३०।७५ |
| | विविध प्राप्ती | ९०५९२८।९७ | ५४१२१० |
| क | कूल जम्मा प्राप्ति | ४७४३६३७९८।०८ | ५३९०२५७५२।९३ |
| | चालु | ३१४१५६१९४।९४ | ३१३८०७४९४।०२ |
| | पारिश्रमिक।सुविधा | ४३५१४९७७।९४ | २७५८०११७।९४ |
| | मालसामानतथा सेवाको उपयोग | ३७९१५८९६०० | ५९५५५३८९ |
| | सहायता (subsidy) | २४१२५४९९।०० | १६३१७९० |
| | अनुदान | १७७५९५५४०।०० | २११०९४५२८।०८ |
| | सामाजिक सुरक्षा | ३०७२४७८२।०० | २३२३८३६९।०० |
| | अन्य खर्च | २७९५००।०० | ७०७३००।०० |
| | पुँजीगत | १७१५५७९५२।०० | २४८२२७९६७।०० |
| | भवन तथा संरचना | ६२७६४१८।०० | ३४६६८६४५।०० |
| | सवारीसाधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ३४३७३५३।०० | १२९७८४६०।०० |
| | अन्य पुँजीगत खर्च | २१३८५००।०० | ३०११३४०।०० |
| | सुरक्षा उपकरण | ० | १९८०१६८।०० |
| | सार्वजनिक निर्माण | १५८३२४०८१।०० | १९३९३९३६५।०० |
| | निर्मित संरचनाको सुधार खर्च | ७४२६००।०० | ८१९२६०।०० |
| | पुँजीगत सुधार खर्च | ५,३९,०००।०० | ० |
| | जग्गा प्राप्ति | १,००,०००।- | ८३०७२९।०० |
| | वित्तीय | ० | ० |
| ख | कूल जम्माभुक्तानी | ४८५७१४१६४।९४ | ५६२०३५४६१।०२ |
| ग | वचत कमी (ग=क-ख) | (११३५०४२८।८६) | (२३००९७०८।०९) |
| घ | धरौटीआकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप।घट(+/-) | १२१८८६९८.३३ | ३४०८०३२ |
| घ१ | कट्टीरकम भुक्तानी । दाखिला गर्न वांकी | ० | ० |
| ङ | यसआ व को नगद तथा बैक मौज्दात (वचत।(कमी)) (ङ=ग+घ) | ८३८२६९।४७ | -१९६०१६७६।०९ |

| | | | |
|---|---|---|---|
| च | गतआ व को नगद तथा बैक मौज्दात | ९९१३५७३९।५० | ११८७३७४१५।५९ |
| छ | विनिमयनाफा । घाटा तथा अन्य समायोजन | ० | ० |
| ज | आव अन्तको बाँकी नगद तथा बैक मौज्दात (ज=ङ+च+छ) | ९९९७४००८।९७ | ९९१३५७३९।५ |

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२,७१,००,७७४.५० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ७,५०,००० , गरिवसँग विश्वेश्वर कार्यक्रमको रु. ३,८०,८००।- र सामाजिक विकास कार्यक्रममा रु. ३,११,२७०।- पर्यटन पुर्वाधार विकास आयोजनामा रु. २९,०५,६६०।- समेत गरी रु. १३,१४,४८,५०४.५० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.३ **अन्तिम मौज्दातः** पालिकाको यस वर्षको सुत्र अनुसारको अन्तिम मौज्दात रु. ९९९७४००८।९७ देखिएकोमा सम्पूर्ण कारोवार समेटी तयार गरेको एकिकृत वित्तिय विवरण अनुसार अन्तिम मौज्दात रु. १००३७४००८।९४ कायम हुन आएकोले सुत्र र एकिकृत आर्थिक विवरण विच फरक देखिएको रु. ३९९९९९।९४ का सम्वन्धमा एकिन हुनु पर्दछ।

३ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।१० मा रु. ५४ करोड ५४ लाखको ५४ हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७०५२४ | ६२२३९ | १२.८२ |
| २ | पूर्वाधार विकास | १४४२९४ | १०६२३५ | २१.८७ |
| ३ | सामाजिक विकास | २७६१८५ | २४२९०३ | ५० |
| ४ | वातावरण तथा विकास | १००० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १८९२० | १६१७३ | ३.३३ |
| ६ | अन्य पालिका सञ्चालन तथा प्रशासनिक | ८५७८२ | ५८१६६ | ११.९८ |
| **जम्मा** | | **५९६७०५** | **४८५७१६** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५० प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ३.३३ प्रतिशत खर्च रहेको छ ।

६ **खर्च विश्लेषणः**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. १,१२,९५,४९८।९२ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४८,५२,३२,५३३।२६ समेत रु. ४९६५२८०३२।१८ आम्दानी भएकोमा चालु तर्फ रु. ३१,४१,५६,१९४।९४ र पूँजीगततर्फ रु. १७,१५,५७,९३४।०० समेत रु. ४८,५७,१४,१२८।९४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३३ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु. ८५,५७,८००।- खर्च भएको छ जुन आन्तरिक आयको ७५.७६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.६८ प्रतिशत चालु र ३२.३२ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

७ **आयोजना बैंक:**

राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको बजेट तर्जुमाका सम्वन्धमा स्थानीय तहले आयोजना बैक तयार गरी बार्षिक कार्यक्रमका माध्यमबाट कार्यान्वयन गर्नु पर्दछ भनी २०७८ सालमा दिग्दर्शन जारी गरेको छ । स्थानीय अर्थतन्त्रमा अधिकतम फाइदा पुर्याउने, सार्वजनिक सेवा प्रवाहमा गुणात्मक सुधार गर्ने र उत्थानशील पूर्वाधार विकास र संस्थागत क्षमता सुदृढीकरणमा स्थानीय स्रोतसाधनको प्रभावकारी परिचालन गर्ने रणनीतिक महत्वका आयोजनाको पहिचान, लेखाजोखा, छनौट र प्राथमिकीकरण सहितको विवरण तयार गर्नु आयोजना बैङ्कको उद्वेश्य हो । अतः स्थानीय तहले आयोजना बैक तयार गरी सोही वमोजिम कार्यक्रम संचालन गर्नु पर्दछ ।

८ **वार्षिक खरिद योजना/गुरुयोजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७,१५,५७,९३४।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उपयुक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

९ **वार्षिक बजेट तथा कार्यक्रम:**

राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन अनुसार नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल विषय, समय र प्रक्रिया, आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु, आयोजना पहिचान, सम्भाव्यता अध्ययन र प्राथमिकता निर्धारण भई

आयोजना बैङ्कमा समावेश भएका आयोजनाहरु, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान पुग्ने कार्यक्रम, सुशासन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, बालमैत्री स्थानीय शासन र लक्षित वर्गको सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरु, समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु, अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु, विषयगत क्षेत्र र भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु र दिगो विकास लक्ष्यको स्थानीयकरण तथा लक्ष्य प्राप्तिका लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरु जस्ता विषय ध्यान दिनु पर्ने उल्लेख गरेको छ । पालिकाले संचालन गरेका अधिकांश कार्यक्रम टुक्रा टुक्रा पारी साना तिना निर्माण र मर्मतका कामहरुमा केन्द्रित भएको देखिन्छ । तसर्थ योजना आयोगको दिग्दर्शनले निर्देशित गरेका विषयमा केन्द्रित भएर बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१० **चौमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने पालिकाले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्च | १७१५५८ | २३८०२ | ३९१३० | १०८६२६ | ५९२३० |
| प्रतिशत | १०० | १३.८७ | २२.८१ | ६३.३२ | ३४.५२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १७ करोड १५ लाख ५८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. २ करोड ३८ लाख २ हजार (१३.८७ प्रतिशत), दोस्रो चौमासिकमा रु. ३ करोड ९१ लाख ३० हजार (२२.८१ प्रतिशत) र तेस्रो चौमासिकमा रु.१० करोड ८६ लाख २६ हजार (६३.३२प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५ करोड ९२ लाख ३० हजार (३४.५२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११ **योजना प्राथमिकीकरण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ३४८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमका योजना | १६१ | १४०४९.०० |
| २ | रु. १ लाख देखि पाँच लाख सम्मका योजना | १४५ | २७९५२.०० |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | २४ | २०१४६.०० |
| ४ | रु. १० लाख देखि ५० लाख सम्मका योजना | ८ | १५४१७.४४ |
| ५ | रु. ५० लाख भन्दा बढीका योजना | १० | ४३९७८७.३३ |
| | **जम्मा** | **३४८** | **५१७३५१.७६** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१२ **लक्ष्य प्रगति:**

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५६४ | २० | ९ | ३० | ५०५ |

१३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहने र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको,

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार नगरेको,

• वडा पालिकामा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको,

• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत पालिकाको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेको,

• अधुरा आयोजनाको समिक्षा नगरेको आदि ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१४ **म.ले.प. फारामहरुको प्रयोगः**

तिनै तहका सरकारहरुमा मिति २०७६।४।१ देखि लागू हुने गरी महालेखा परीक्षकबाट मिति २०७६।२।१९ मा विभिन्न म ले प फाराहरु स्वीकृत गरिएका छन् । महालेखा नियन्त्रक पालिकाले उक्त कुरा मिति २०७६।४।१ को परिपत्रबाट सर्कुलर समेत गरिसकेको छ । यस पालिकाले स्वीकृत भएका म.ले.प. फारामहरु मध्ये निर्माण कार्य संग सम्वन्धि ५०१ देखि ५१४ सम्म फारामरु मध्ये कतिपय फारमहरु जस्तै फाराम नं. ५०२ परामर्श सेवाको लागत अनुमन, फाराम नं. ५०५ आईटमवाईज कार्य अभिलेख खाता, फाराम नं. ५०६ ठेक्कागत अभिलेख खाता, फाराम नं. ५०७ ठेक्कागत अभिलेख खाता राख्ने गरेको पाईएन ।साथै फाराम नं. ५०३ नापी किताव, फाराम नं. ५०४ ठेक्का सम्वन्धी बिल, फाराम नं. ५१० कार्यस्वीकार/कार्य सम्पन्न प्रतिवेदन तोकिएको ढांचामा राखेको पाईएन। अत पालिकाले तोकिएका फारामहरु प्रयोग गरी अभिलेख एवं प्रतिवेदन प्रणाली चुस्त दुरुस्त एवं पारदर्शी तवरले राख्नु पर्दछ।

१५ **आय अनुमान:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु १ करोड ६ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १ करोड १२ लाख ९५ हजार अर्थात अनुमान भन्दा ६.५५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१६ **कर तथा शुल्क असूली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ :

| राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| ११३१३ | सम्पती कर | - | २०५५७८.६४ | ०० |
| ११३१४ | भुमिकर/मालपोत | ८२४००० | ११००४५०.२४ | १३३.५५ |
| ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | - | २५०.०० | ०० |
| ११३१७ | वहाल कर | ३८३००० | ५०२६१५.९६ | १३१.२३ |
| ११४२१ | बाँडफाँड भइ प्राप्त हुने अन्त:शुल्क | - | ३००० | ३००० |
| ११४५१ | सवारी साधनकर (साना सवारी) | - | १२५७५० | १२५७५० |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | - | ५००० | ५००० |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | - | १५१५० | १५१५० |
| ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | - | १४९७७ | १४९७७ |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५१५००० | ३००० | ०.५८ |
| ११६३२ | अखेटोपहारमा लाग्ने कर | - | २००० | २००० |
| ११६९१ | अन्य कर | - | २८६२०० | २८६२०० |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | - | १८४१९० | १८४१९० |
| १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ३१०००० | - | ०० |
| १४२१८ | विद्युत सेवा शुल्क | - | ४०० | ४०० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | - | २३८४२० | २३८४२० |
| १४२२१ | न्यायिक दस्तूर | - | ५५० | ५५० |
| १४२२४ | परीक्षा शुल्क | ६४००० | ३२४०० | ५०.६३ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३१०००० | ४१४८०० | १३३.८१ |
| १४२४२ | नक्सा पास दस्तुर | १५४००० | ३६४३६ | २३.६६ |
| १४२४३ | सिफारिश दस्तुर | १५२०००० | १२६१८३० | ८३.०२ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३१०००० | ३६६४५१ | ११८.२१ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १५४००० | १३६४०० | ८८.५७ |
| १४२४९ | अन्य दस्तुर | ३०९००० | २६९३०९ | ८७.१६ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५४००० | ३६७५० | २३.८६ |
| १४२६२ | विद्युत सम्बन्धी दस्तुर | - | १२०० | ०० |
| १४२६५ | अन्य क्षेत्रको आय | ४१२००० | ४३३० | १.०५ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | - | १२२०० | ०० |
| १४३१२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | ३७६२००० | ४६७१३३५ | १२४.१७ |
| १४३१३ | धरौटी सदरस्याहा | २५०००० | - | ०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १४५२९ | अन्य राजस्व | ४१२००० | ५७३५९.११ | १३.९२ |
| १४६११ | व्यवसाय कर | २५७००० | ४०१८६८ | १५६.३७ |
| १५१११ | बेरूजू | ५००००० | ९०५२९८.९७ | १८१.०६ |
| जम्मा | | **१०६०००००** | **११२९५४९८.९२** | **१०६.५६** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१७ **आन्तरिक आय:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२४४८५२०४.९२ | ११२९५४९८.९२ | ३.४८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.४८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१८ **व्यवसाय कर:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ४ लाख २ हजार कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छनै । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२० **आर्थिक सहायता:**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १८ व्यक्तिहरुलाई रु. ३ लाख ७८ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ११२९५४९८।९२ को ३.३५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२१ **कानून र सञ्चालन स्थिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ६० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ४ वटा नियमावली, २९ कार्यविधि अन्य ३ लगायत ५४ वटा कानुन निर्माण गरी कार्यान्वयननमा ल्याएको छ । साथै पालिकाले ५४ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि एकिन गर्ने/ राजपत्रमा प्रकाशन गरेको भनिएको छ । कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२२ **न्यायिक समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको ३ गरी कुल ६ विवाद दर्ता भएकोमा ६ वटा नै फर्स्यौट भई टुङ्गो लागेको छ।

२३ **सहकारी नियमन:**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक,चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकिकृत सुचना ब्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने ब्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र १७ वटा सहकारी संस्था रहेका छन । पालिका भित्रका सहकारी संस्थाहरुको एकीकृत सुचना ब्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसै गरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरेको प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाइ सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२४ **सार्वजनिक परीक्षण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानिय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यस बर्ष तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेकोमा प्रति चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको एक पटकको एकमुष्ठ रु. ८०,०००।- भुक्तानी गर्ने गरी गह्रौं कालिका मिडिया हाउससँग सम्झौता समेत गरी प्रथम तथा द्बितिय चौमासिकको सार्वजनिक सुनुवाई वापतको रु. १,६०,०००।- समेत भुक्तानी गरेको छ । तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको तर सोको भुक्तानी अर्को आर्थिक वर्षमा आएर दिएको पाईयो । कानुनमा तोकिए बमोजिम समयमै सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रबर्द्धन गर्नुपर्दछ ।

२५ **अनुदानको अनुगमन:**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, अनुदानमा रु. ८३१४५२२।- अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं. | विवरण | लाभग्राही संख्या | जम्मा खर्च रकम | साझेदारी रकम |
|---|---|---|---|---|
| १ | विउ बाख्रा खरिद तथा वितरण | १०० | ७४८४४० | ० |
| २ | विउबाख्रा खरिद तथा वितरण (३०% अनुदानमा) | १३० | ९७५००० | २९०४० |
| ३ | बिउबोका (१०० % अनुदान) | २९ | ७२४२०० | ० |
| ४ | बंगुर उपहार (१००%) | १७० | नखुलेको | ० |
| ५ | भैसी (५०% अनुदान) | १२ | ४८०००० | ४९६००० |
| ६ | घाँसको विरुवा (राईखनिया) (१००% अनुदान) | - | ९९९८४ | ० |
| ७ | फलफुल तथा तरकारीको विउ विरुवा वितरण (१००% अनुदान) | - | २५८३२० | ० |
| ८ | घाँसको स्रोत केन्द्र स्थापना | - | ९३९२६ | ० |
| ९ | भकारो सुधार निर्माण | २७ | ३९९८८८ | ४९०००७ |
| १० | ससाना पशुको खोर निर्माण (बाख्रा तथा बंगुर खोर निर्माण | ११८ | ३६४०३७७ | ४२१६३९७ |
| ११ | नमुना खोर निर्माण | ३ | २४०००० | ३०२२१७ |
| १२ | टनेल निर्माण | १ | २०११५ | २८१०५ |
| १३ | भेटेनरी सामाग्री उपकरण वितरण (१००% अनुदान) | - | ८७९९० | ० |
| १४ | डिजिटल तौल मेशिन वितरण सङ्ख्या (१००% अनुदान) | १० | २६५४२२ | ० |
| १५ | एनालग तौल मेशिन वितरण((१००% अनुदान) | १ | ३५०३० | ० |
| १६ | चाँपकटर वितरण (५०% अनुदान) | १५ | २४५८३० | २४०००० |
| | **जम्मा** | | **८३१४५२२** | **५८०१७६६** |

२६ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२७ **ठेक्का व्यवस्था:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ११.६२ देखि ३१.०९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मसका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै

गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| क्र.सं. | ठेक्का विवरण | बोलपत्र दाता | लागतअनुमान | सम्झौतारकम | घटीप्रतिशत |
|---|---|---|---|---|---|
| १ | कालीगण्डकी गा.पा. घरिपोखरी देखि मगर पधेरा चफल डाँडा सडक (KLGD/W/NCB/GMC/06/080/81) | DR Nirman Sewa | ३०२५३०५ | २०६००८४ | ३१ |
| २ | Upgrading of Jaipate Lihak Imsil Sadak (Second Package) निर्माण कार्य (KLGD/W/SQ/JLIS/04/080/81) | MN BHATTARAI NIRMAN SEWA | १७,६९,६०७.५५ | १३,६५,७२६.९२ | २३ |
| ३ | औधोगिक भवन ट्रष्ट निर्माण (KLGD/W/SQ/IND/05/080/81) | MN BHATTARAI NIRMAN SEWA | १९२२२५६ | १४,४२,२९७.१० | २५ |
| ४ | वेल्टारी भित्रि बाटो र सोता देखि तिहाक गाउँ सम्म सडक ढलान (KLGD/W/SQ/BBSD/01/080/81) | यस वालिगं निर्माण सेवा | १९४८४२९ | १४,४२,२९७.१० | २६ |
| ५ | वडा नं ५ स्वास्थ्य निर्माण कार्य (KLGD/W/SQ/06/080/81) | बिर्घा कन्स्ट्रक्सन | १९४४६१० | १५,३२,१५६.९४ | २१ |
| ६ | मिर्मि लिफ्ट सिंचाई आयोजना (KLGD/W/NCB/CLIPM/04/080/81) | Prakrat and Prakriti nirman and suppliers pvt. ltd. | २२१२६७१० | १९५५४३२५ | १२ |
| ७ | बारीचौर लिफ्ट सिंचाई आयोजना (KLGD/W/NCB/CLIPB/05/080/81) | Prakrat and Prakriti nirman and suppliers pvt. ltd. | २९१२८४५४ | २४९६६८२८ | १४ |

२८ **योजना अनुगमन:**

योजनाको अनुगमन प्रतिवेदन गर्दा अनुगमन भएको मिति उल्लेख गर्ने गरेको देखिएन। साथै अनुगमन प्रतिवेदनमा अनुगमन समितिबाट कैफियत उल्लेख गर्ने व्यवस्था भएता पनि प्राय प्रतिवेदनमा केही कैफियत उल्लेख गर्ने गरेको देखिएन । जस्ले गर्दा अनुगमन प्रतिवेदन पारम्पारिक र नियमित जस्तो मात्र देखिन्छ । अनुगमन प्रभावकारी वनाउनु पर्दछ ।

२९ **अभिलेख व्यवस्थापनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ । पालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताव ठेक्का बील कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति, नापी लिएको मिति, कार्य सम्पन्न हुनु पर्ने मिति र कार्यसम्पन्न भएको मिति उल्लेख गर्ने गरेको पाईएन । जसवाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति एकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि कार्यसम्पादन जमानत लिनु पर्ने अवधि एकिन गर्न सकिएन। यस्तो निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि पालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरिदिने गरेको कारण निर्माण व्यवसायी जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो। यस तर्फ पालिकाले विशेष ध्यान दिदै आगामी दिनमा सुधार गरी काम गर्नु पर्दछ।

३० **जिन्सी निरीक्षण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३१ **औषधि खरिद:**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु. १३०१४३०।- को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा निःशुल्क वितरणका लागि उल्लेखित सूचना रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| **भौ.नं./मिति** | **आपुर्ति कर्ता** | **खरिद विधि** | **रकम** |
|---|---|---|---|
| ११६/२०८०/११/१४ | शहर्ष मेडिको फर्मा प्रा. लि. (आकस्मिक आधारभुत औषधि खरिद - शसर्त चालु) | दररेट मार्फत | ५३२४३० |
| २४०/२०८१।०३।१४ | माउण्ट अन्नपुर्ण फार्मेशी | दररेट मार्फत | ४७०००० |
| २३३/२०८१/३/१२ | शिवशक्ती मेडिको फर्मा (क्याल्सियम र भिटामिन डी - शसर्त विशेष) | दररेट मार्फत | २९९००० |
| | **जम्मा** | | **१३०१४३०** |

३२ **विद्युत महशुल भुक्तानीः**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व ऐन २०७६ को दफा २४(२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ। पालिकाको प्रत्येक घरधुरिको न्युनतम विद्युत शुल्क पालिकाद्वारा भुक्तानी गर्ने निर्णय गरी यस आर्थिक वर्षमा जम्मा रु. १७,१३,६००।- भुक्तानी गरेको पाईयो । पालिकाले विकास निर्माण लगायत पुँजीगत खर्च तथा दीर्घकालमा रोजगारीका अवसर सृजना हुने क्षेत्रमा राजस्व रकमको उपयोग गर्दै वितरणमुखी खर्चमा नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३३ **मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम:**

गण्डकी प्रदेशको दीर्घकालीन सोच " समृद्ध प्रदेश र सुखी नागरिक" लाई सार्थक बनाउनको लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत प्रदेशको ६५ प्रतिशत र गाउँपालिकाको ३५ प्रतिशत योगदानमा यस वर्ष रु. १ करोड बजेट विनियोजन भएको देखियो । उक्त कार्यक्रम अन्तर्गत जनशक्ति, उपकरण, निर्माण, परामर्श, अनुगमन, जग्गा लिज, विउ विजन / विरुवा खरिद, अर्गानिक मल, उत्पादन, विविधिकरण तथा बजारीकरण शिर्षकमा रु. ९०,५८,०१८.० खर्च भएको छ । स्थानीय जनताहरुमा नवप्रवर्द्धनमा जागरण ल्याउन गाउँपालिकाले आफ्नै स्वामित्वमा जग्गा लिजमा लिई तरकारी खेती, प्रशोधनसंग सम्वन्धित मेशिनरी खरिद, गड्यौला मल सम्वन्धी तालिम, खेती प्रविधि सम्वन्धि तालिम, विउ विजन, विरुवा खरिद जस्ता कार्यक्रम आर्थिक वर्षको अन्तिम त्रैमासिकमा संचालनमा ल्याएको देखियो ।पालिकाबाट संचालित कार्यक्रमले नवप्रवर्तनमा पुर्याएको योगदानलाई समेटी पालिकाबाट प्रगति प्रतिवेदन तयार गरि पेश नभएकोले यस कार्यक्रमको प्रभावकारिता विश्लेषण गर्न सकिएन । अत: स्थानीय जनताहरुलाई नवप्रवर्तनमा जागरण ल्याउने उद्देश्य अनुरुप संचालन गरिएको कार्यक्रमबाट भएको रोजगारी सिर्जना, उत्पादनमा भएको वृद्धि, कार्यक्रमको लागत, लाभ र दिगोपनाको विश्लेषण सहित नवप्रवर्तनलाई टेवा पुग्ने गरी कार्यक्रम संचालन गर्नुपर्दछ।

३४ **गरिबसँग विश्वेश्वर कार्यक्रमः**

गरिवसँग विश्वेस्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, (तेस्रो संशोधन) २०६६ अनुसार यस गाउँपालिकामा सञ्चालन भएको गरिवसँग विश्वेश्वर कार्यक्रममा कुल बजेट रु. २,००,०००।– रहेकोमा मौरिको घार खरिद तथा अन्य खर्च समेत रु. १,७५,८००।– खर्च गरेको देखिनछ। जस अन्तर्गत १८ वटा मौरीको घार रु. ९५०० प्रति घारका दरले खरिद गरी ८ वटा कृषक समुहका १८ जना सदस्यलाई वितरण गरेको छ। यस प्रकारको अनुदान वितरण गरे पश्चात् अनुगमन भएको छैन। सो अनुदानको उपयोग अवस्था तथा उपलब्धि सम्बन्धमा आगामि वर्षमा पालिकाले अनुगमन गरी प्रतिवेदन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३५ **सामुदायिक वनको आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सामूदायिक वन उपभोक्ता समितिको अभिलेख राख्ने गरेको पाईएन भने सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउने गरेको एवं वन पैदावारको बिक्री वापत प्राप्त रकमको दश प्रतिशत पालिकाको संचित कोषमा जम्मा गर्ने गरेको पाईएन । उयर्युक्त कानूनी व्यवस्थाको पालना हुनु पर्दछ ।

३६ **शिक्षक दरवन्दी पदपूर्ति:**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| सि.नं. | विद्यालयको नाम | दरबन्दी | पदपूर्ति | रिक्त | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री जनता मा.वि. | १५ | १२ | ३ | ३२८ |
| २ | श्री आर्दश मा.वि. | १२ | १२ | ० | २०४ |
| ३ | श्री जनहित मा.वि. | १४ | १४ | ० | २९४ |
| ४ | श्री विरेन्द्र मा.वि. | १७ | १५ | २ | ३८८ |
| ५ | श्री भगवती मा.वि. | १६ | १५ | १ | ३२१ |
| ६ | श्री भवानी मा.वि. | १७ | १५ | २ | २६० |
| ७ | श्री ध्रुवज्योती मा.वि. | १४ | १४ | ० | २५२ |
| ८ | श्री देउराली मा.वि. | १४ | १४ | ० | ९४ |
| ९ | श्री सरवती मा.व.ि | १० | ११ | -१ | ७१ |
| १० | श्री सत्यदेवी मा.वि. | १० | ११ | १ | ८३ |
| ११ | श्री प्युखा मा.वि. | ८ | ११ | -३ | ११८ |
| १२ | श्री मिर्मी आ.वि. | ५ | ७ | -२ | २८५ |
| १३ | श्री कोटाकोट आ.वि. | ७ | ७ | ० | ७५ |
| १४ | श्री जनता आ.वि. | ४ | ३ | १ | ४८ |
| १५ | श्री किपट आ.वि. | २ | ३ | -१ | ५६ |
| १६ | श्री चन्द्रोदय आ.वि. | ३ | ३ | ० | ५२ |
| १७ | श्री घुरडाडा आ.वि. | ३ | ३ | ० | ४५ |
| १८ | श्री आर्दश आ.वि. | ४ | ३ | १ | ८१ |
| १९ | श्री दुर्गा आ.वि. | ४ | ३ | १ | ७० |
| २० | श्री अमरदिप आ.वि. | ३ | ३ | ० | ६८ |
| २१ | श्री वारीचौर आ.वि. | २ | ० | २ | २१ |
| २२ | श्री बेलरीखान आ.वि. | २ | २ | ० | २२ |
| २३ | श्री कोटाकोट आ.वि. | ४ | ३ | १ | ७५ |
| २४ | श्री नारायणी आ.वि. | ३ | ३ | ० | २५ |
| २५ | श्री सुर्यज्योती आ.वि. | ३ | ३ | ० | ३० |
| २६ | श्री सृजना आ.वि. | ३ | ३ | ० | ६७ |
| २७ | श्री विरेन्द्र आ.वि. | १ | २ | -१ | १० |
| २८ | श्री सरस्वती आ.वि. | १ | २ | -१ | २४ |
| २९ | श्री बालज्योती आ.वि. | ३ | ३ | ० | ७२ |
| ३० | श्री वालविद्या आ.वि. | २ | २ | ० | २७ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | श्री क्षेत्रपाल आ.वि. | ३ | ३ | ० | ३१ |
| ३२ | श्री शिव आ.वि. | २ | २ | ० | १६ |
| ३३ | श्री कालीगण्डकी आ.वि. | २ | २ | ० | २० |
| ३४ | श्री बांसवारी आ.वि. | ० | २ | -२ | ९ |
| ३५ | श्री कारीकोट आ.वि. | ० | २ | -२ | १० |
| | **जम्मा** | **२१३** | **२१३** | **२** | **३६५२** |

३७ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा २५ योजना सञ्चालन गरी यस वर्ष ८८ जनालाई औसत ८९ दिनले ७७७१ श्रमदिन रोजगारी उपलव्ध गराई रु. ५२,८४,२८०।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३८ **हेफर प्रोजेक्ट तर्फ :**

कृषि तथा पशुधनहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा पशुपालन तथा कृषि व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता र मर्यादित कृषि व्यवसायको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु. २,४५,००,०००।- को लागत साझेदारीमा मिति २०८२/०३/१६ गते सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९/१२/१८ मा सम्झौता भएको छ । कुल लागत रु. ३,५०,००,०००।- मध्ये ७० प्रतिशतले हुने रकम रु. २,४५,००,०००।- पालिकाले र बाँकी ३० प्रतिधतले हुने रकम रु. १०५००,०००।- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु. १,१५,५२,३९५।- भुक्तानी भएको छ। हेफर इन्टरनेशनलसँग बहुबर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।

३८.१ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०७९/१२/१८ मा तीन वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन र मुल्याङ्कनमा रु. ९,६८,०४८।- र तालिममा रु. ११,२९,८२५।- समेत रु. २०९७८७३।- हेफरलाई किस्तामा उपलब्ध गराएको छ। अत : पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानीकरण अनुदानबाट गैर सरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

३८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा

प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु. १,१५,५२,३९५ भुक्तानी गरेको र हेफर प्रोजेक्टले सामाजिक स्रोत विकास केन्द्र मार्फत कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन।

३८.३ पालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को बुँदा नं. ९.२ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले चौमासिक अनुगमन तथा मूल्यांकन गर्नुपर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइनेछ भन्ने व्यवस्था छ। कार्यविधिको व्यवस्था विपरीत खरिद सम्झौतामा व्यवस्था राखी हेफर प्रोजेक्ट नेपाललाई चौमासिक रुपमा पेश्की दिई कार्यसम्पन्न भएको छ।जसले गर्दा अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गरी समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइने व्यवस्था लागू हुने अवस्था देखिन्न। पालिकावाट कार्यक्रमको उपलब्धी र प्रभावका वारेमा विश्लेषण गरेको देखिएन।

३९ **सेनेटरी प्याडः** (२८६-२०८१-३-२३):

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनेटरी प्याड पालिकाले वा विद्यालयले गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनेटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा एउटा महिनावारी चक्रका लागि बढीमा १६ वटा सेनेटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था उल्लेख छ। पालिका भित्रका १३ सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ८२८ जना रहेकोमा पालिकाले यस वर्ष अनुजन ट्रेड कन्सर्नबाट १०,५६० प्याकेट (८४४८० पिस) स्यानिटरी प्याड रु. ८४.७५ प्रति प्याकेट (मु.अ.कर समेत) मा खरिद गरी रु. ८,९४,९६०।- भुक्तानी गरेको छ । ८२८ जना विद्यार्थिलाई १६ वटा पिस तथा (२ प्याकेट) का दरले वितरण गर्दा १३२४८ पिस (१६५६ प्याकेट ) खरिद गर्नुपर्ने देखिन्छ । पालिकाले १०५६० प्याकेट (८४४८० पिस) बर्षान्तमा खरिद गरेको देखिन्छ भने अघिल्लो वर्षको बाँकी समेत गरी ८२८ विद्यार्थिलाई ११ पिस प्रति महिना प्रति छात्राका दरले विद्यालयलाई उपलब्ध गराएको पाईयो । पालिकाले अघिल्लो आर्थिक वर्षको बाँकी अ.ल्या., यस आ. व. को खरिद तथा वितरण र वितरण पश्चात् बाँकी रहेको प्याडको विवरण अद्यावधिक गरि राख्नुका साथै उचित भण्डारण गर्ने र कार्यविधिमा तोकेबमोजिम विगतको खपतको आधारमा आवश्यकताका अनुरुप खरिद गरि समयमै वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४० **प्रोत्साहन भत्ता;**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले मिति २०८०।९।३ को गाउँसभाको १३ औं अधिवेशनको निर्णय अनुसार मिति २०८०।११।२६ को टिप्पणीमा पालिका अध्यक्षको स्वीकृति बमोजिम पालिकाका ७१ जना कर्मचारीलाई प्रोत्साहन भत्ता वापत रु. ९,२१,०२६।- भुक्तानी भएको देखियो। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च गर्नुपर्दछ ।

४१ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष कार्यपालिकाको २०८० पौष ११ गतेको निर्णयबाट तलवी प्रतिवेदन पारित गराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २६ कर्मचारीको रु. १,४९,१३,८६५।- र पालिकाका ५१ कर्मचारीको रु. २,५०,६८,२५४।- समेत रु. ३,९९,८२,११९।- खर्च लेखेको छ ।

४२ **वीमाको बिल:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३ **प्रज्ञा प्रतिष्ठानः**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व ऐन २०७६ को दफा २४(२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उच्चतम गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ। पालिकाको सभाले कालिगण्डकी प्रज्ञा प्रतिष्ठान ऐन २०८० पारित गरेको छ। सो ऐनको दफा १३ मा प्रज्ञा प्रतिष्ठानको सदस्य सचिवको काम कर्तव्य अधिकार अध्यक्षको अनुमतिमा बैठक बोलाउने, संस्थाको हिसाब किताब राख्ने, संस्थाका निर्णयहरु सदस्यहरुलाई जानकारी गराउने, अध्यक्ष्य तथा समितिले तोकेका कार्य गर्ने आदि तोकिएकोमा कालिगण्डकीको प्रज्ञा कार्य समितिको गठन हालसम्म नभएकोमा श्री भिम प्रसाद श्रेष्ठलाई सदस्य सचिवको रुपमा मिति २०८०/१२/१४ देखि नियुक्ती गरी मासिक रु. ३७,००० का दरले जम्मा रु. १,३०,७३३।- तलब भुक्तानी भएको देखिन्छ । यसरी समितिको गठन हुनुपुर्व सदस्य सचिवको मात्र नियुक्ति गरी तलब भत्ता भुक्तानी भएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,३०,७३३ |

४४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, कृषि प्राविधिक, पशु प्राविधिक, सब ईन्जिनियर लगायत २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदपूर्तिका तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिई यथाशक्य छिटो पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

४५ **तह वृद्धिः**

नेपालको संविधानको धारा २२७ मा स्थानिय तहका पदाधिकारीले पाउने सुविधा र कर्मचारी तथा कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून वमोजिम हुने व्यवस्था छ। कर्मचारीको तहवृद्धि गर्दा प्रदेश (सम्वन्धित लोक सेवा आयोग ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले यस वर्ष दुईजना प्रशासन पाँचौं तहको कर्मचारीलाई छैठौं तहमा तह वृद्धि गरेकोमा लोकसेवा आयोगको परामर्श लिएको पाईएन। यसरी परामर्श वेगर तहवृद्धि गरेपश्चात् थप भुक्तानी भएको रु. २८,०२८।- अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | २८,०२८ |

४६ **विद्युतीय चुल्होः** (१८-२०८१-३-१७):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले बार्षिक खरिद योजना तयार गरेर मात्र आवश्यकताका आधारमा खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष नवीकरणयीय उर्जा प्रविधि जडान कार्यक्रम अन्तर्गत १५५ थान विद्युतीय चुल्हो बर्षान्तमा डि. के. ईलेक्ट्रोनिक्स सप्लायर्सबाट खरिद गरी जम्मा रु. ७,९०,०००।– खर्च लेखेको छ। सो विद्युतीय चुल्हो १२०

वटा वितरण भएकोमा ३५ थान वितरण नगरी स्टोरमा बाँकी रहेको छ। साथै सो विद्युतिय चुल्हो वितरण गर्नेका लागि निश्चित मापदण्ड तयार गरी सो को आवश्यकता भएका एवं सो चुल्हो उपयोग गर्ने वास्तविक लाभग्राहीको छनौट गर्नुका साथै आवश्यकता एवं मागका आधारमा मात्र खरिद गरी समयमै वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ। मौज्दातमा रहेका ३५ थान चुल्हो समयमै वितरण गरी वितरणको भर्पाई पेश गर्नुपर्ने रु.

४७ **सामाजिक सुरक्षा:**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।सामाजिक रुपमा पछाडि परेका वर्ग, क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु. १२,७२,८६,९५२।- खर्च गरेको छ।यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक, एकल महिला, विधवा, बालबालिका र अशक्तहरु समेत ३२०० जना लाभान्वित भएको देखिन्छ । आ.व. २०८०।०८१ मा गाउँ कार्यपालिकाको केन्द्रिय हिसाबबाट ७ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम त्रैमासिकमा रु. ३,१४,०२,५०९।- दोश्रो त्रैमासिकमा रु. ३,१८,४८,९७५।- तेश्रो त्रैमासिकमा रु. ३,१८,७२,३७०।- र अन्तिम त्रैमासिकमा रु. ३,२१,६३,०९८।- गरी जम्मा रु. १२,७२,८६,९५२।- निकासा तथा खर्च लेखाङ्कन गरेको छ।

४८ **लागत अनुमान टुक्रा पारेको:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्र टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । पालिकाले वडा नं ५ मा व्याडमिन्टन कोर्टका लागि कभर्ड हल निर्माण कार्य गर्न लागत अनुमान रु. १० लाखमा नबढाई टुक्रा गरी सोझै निम्न फर्मसंग सम्झौता गरी रु. १६,९२,०००.० भुक्तानी गरेको पाइयो । एउटै स्थानमा एकै प्रकृतिको काम गर्न प्रतिस्पर्धाको माध्यमबाट फर्म छनौट गरी कार्य गराउनुपर्नेमा लागत अनुमान टुक्रा गरी निर्माण कार्य सोझै गराएको छ । प्रतिस्पर्धा नहुने गरी लागत अनुमान टुक्रा गरेको पाइएकोले कानूनसम्मत नदेखिएको रु.

| सि.नं. | गो.भौ.नं. र मिति | निर्माण व्यवसायीको नाम | कामको विवरण | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १. | ४ - २०८०।६।३० | एम.एन. भट्टराई निर्माण सेवा | व्याडमिन्टन कोर्टका लागि कभर्ड हल निर्माण | ९९२५२८.९५ | ९९२०००.० |
| २. | २८ - २०८०।७।२२ | आर.सि.कन्स्ट्रक्सन, चापाकोट | | ९९२२७३.६६ | ७०००००.० |
| | | | जम्मा | १९८४८०२.६१ | १६९२०००.० |

| | |
|---|---|
| अनियमित भएको | १६,९२,००० |

४९ **कार्यसम्पादन जमानत:**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,३५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५० **भवन निर्माण**

५०.१ ठेक्का नम्बर KLGD/W/NCB/AMC/08/079/80 अन्तर्गतको आमा बहुउद्देश्यीय सहकारी संस्थाको खाद्य गोदाम घरको भवन निर्माण कृषि तथा पशुपंक्षी मन्त्रालयको ५० प्रतिशत, आमा बहुउद्देश्यीय सहकारी संस्थाको ४० प्रतिशत र बांकी १० प्रतिशत पालिकाको संयुक्त लागतमा श्री विर्घा कन्स्ट्रक्सन एण्ड सप्लयार्स प्रा.लि.सँग रु. १,२८,६४,९७५.० को सम्झौता भएकोमा दोस्रो रनिङ विलसम्म रु. १,१८,१७,६९९.०६ भुक्तानी भएको छ । निर्माण व्यवसायीले सम्झौताअनुसार मिति २०८०।३।१५ भित्र उक्त काम सम्पन्न गर्न

मिति २०७९।१२।८ मा सम्झौता गरेकोमा हालसम्म ९१.८५ प्रतिशत वित्तिय प्रगति भएको देखियो । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नअनुसार छ।

५०.२

( ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१०८,८०७.५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **कार्य स्वीकार प्रतिवेदनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । नियमावलीको उक्त व्यवस्था अनुसार सम्झौता अनुसारको काम सम्पन्न भए पश्चात कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी दिनु पर्नेमा पालिकाले त्यस्तो प्रतिवेदन तयार गरि भुक्तानी दिने गरेको पाईएन ।

५२ **स्थलगत अनुगमनः** (५-२०८०-११-१):

रुद्रवेणी रानीघाट सडकको हटिया रानीघाट सडक खण्ड मध्ये एक खण्डको व्रेष्ट वालको providing and laying of random rubble stone masonry in cement mortar 1:6 in structure including 100 mm dia. DHPE weep holes and geotextile all complete as per drawing and technical specification आईटममा २२७ घनमिटरको प्रति घनमिटर रु. ५८००। को दरले रु. १३१६६००।- भुक्तानी दिएको छ । स्थलगत अनुगमन गर्दा उक्त निर्माण कार्य भत्किएको अवस्थमा देखियो । निर्माण व्यवसायीलाई उक्त निर्माण कार्य सच्याउन लगाई स्पेशिफिकेशन अनुसार काम भएको प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,१६,६०० |

५३ **१५ शैया अस्पतालः**

पालिकाको वडा नं. ४ मा १५ शैया अस्पताल निर्माण ठेक्काकाको लागि पालिका र आर एण्ड सी एस बिकन जे भी गोदावरी ललितपुर विच २०८२।८।३० काम सम्पन्न गर्ने गरी मिति २०७९।६।२७ मा रु. २१५७६८५७२।८७ मा सम्झौता भएको पाईयो । सम्झौता साथ संलग्न वर्क सेड्युल अनुसार २४ महिना भित्र सम्पन्न गर्नु पर्ने उक्त निर्माण कार्य २१ महिना व्यतित हुदा निर्माण कार्य सम्पन्न भई विविध तर्फका टेस्टीङ तथा कमिशनिङ डिमोविलाईजेशन एण्ड क्लिनिङ जस्ता काम मात्र वांकी हुनु पर्ने देखिन्छ । यस आ व मा उक्त शीर्षकमा वजेट विनियोजन भएको पाईएन । लेखापरीक्षणको अवधि अर्थात २०८१ भाद्र मा करिव २१ महिना व्यतित भई सक्दा समेत प्लिन्थ विम र पिलरको काम मात्र सम्पन्न भएको देखिन्छ । सम्झौतामा तोकिएको अवधिमा काम सम्पन्न हुन सक्ने दखिदैन । तोकिएको समयमा काम सम्पन्न नहुदा अस्पताल बाट पुर्याईने स्वास्थ्य सेवा प्रवाहित हुने देखिन्छ । उक्त निर्माण कार्यको निर्माण सम्पन्न गराई पालिकामा स्वास्थ्य सेवा सुनिश्चित गर्नु पर्दछ।

५४ **शुन्य प्रगतिः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो पालिका तथा मातहतको पालिकाको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले कार्य दक्षता एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विनियोजन भएका देहाय वमोजिमका रु. ५०० हजारभन्दा माथिका रु. १ करोड ४९ लाखका स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्न नसकी प्रगति शुन्य रहेको छ । पालिकाले कार्य योजना तयार गरी बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन (रु. हजारमा) | खर्च |
|---|---|---|---|---|
| १ | युवा स्वरोजगार बैक । विजनेश स्टार्ट अप | राजस्व वाँडफाँड संघीय सरकार | ५०० | ० |
| २ | पर्यटन पूर्वधार विकास कार्यक्रम | राजस्व वाँडफाँड संघीय सरकार | ५०० | ० |
| ३ | प्रहरी चौकी।फोहोर मैला व्यवस्थापन जग्गा खरिद | राजस्व वाँडफाँड संघीय सरकार | १२०० | ० |
| ४ | घरधुरी पहिचान तथा तथ्याङ्क संकलन | राजस्व वाँडफाँड संघीय सरकार | ५०० | ० |
| ५ | भृगुतुङ्गेश्वर देखि कोटाकोट सडक (शालिग्राम लोकमार्ग) | नेपाल सरकार समानीकरण अनुदान | १००० | ० |
| ६ | सुचना प्रणाली तथा सफ्टवयर संचालन । खरिद तथा नविकरण | राजस्व वाँडफाँड संघीय सरकार | ८०० | ० |
| ७ | शारीरिक व्यायमशाला निर्माण | राजस्व वाँडफाँड संघीय सरकार | १००० | ० |
| ८ | सडक वत्ती सिसि क्यामेरा केन्द्रीकृत अनुगमन तथा सुरक्षा प्रणाली जडान | नेपाल सरकार समानीकरण अनुदान | २००० | ० |
| ९ | तटवन्धन। ढल व्यवस्थापन। जाली ।ह्युम पाईप | राजस्व वाँडफाँड संघीय सरकार | ५०० | ० |
| १० | कृषि उत्पादन प्याकेजिङ । प्रोसेसिङ । ब्राण्डिङ अनुदान | राजस्व वाँडफाँड संघीय सरकार | ५०० | ० |
| ११ | कर्मचारी कल्याण कोष | राजस्व वाँडफाँड संघीय सरकार | १००० | ० |
| १२ | LPG ग्यांस विस्थापन कार्यक्रम (विधुतिय चुलो वितरण) | राजस्व वाँडफाँड संघीय सरकार | १००० | ० |
| १३ | वातावरण संरक्षण (फलफुल तथा वृक्षरोपण) | राजस्व वाँडफाँड संघीय सरकार | ५०० | ० |
| १४ | सेवा प्रवाहमा डिजिटलाईजेशन (सफ्टवयर तथा मोवाईल एप निर्माण ) | राजस्व वाँडफाँड संघीय सरकार | १२०० | ० |
| १५ | बारीचैर मन्दङ झोलुङ्गेपुल | नेपाल सरकार शसर्त अनुदान पुजीगत | २७०० | ० |
| | जम्मा | | १४९०० | |

५५ **बढि भुक्तानीः** (२३१-२०८१-१-२४):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५४,४७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६ **डिजिटल भिलेज प्रोफाइल निर्माणः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,९९३,५४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कालीगण्डकी गाउँपालिका, स्याङ्जा , कालीगण्डकी गाउँपालिका , स्याङ्जा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देवेन्द्र पाण्डेय | २०७९-५-२७ | २०८०-५-२२ |
| कार्यालय प्रमुख | पर्शुराम उपाध्याय | २०८०-६-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रकाश वली | २०७९-६-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १६३,२८६.५१ | १,८५०,७६१ | ५,०१०,१४६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ७,०२४,१९३.५१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३,८५६,८३२.५१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३,१६७,३६१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९९२६९४५४.५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४०२०८९७३ | चालु खर्च | ३१४१५६१९४.९४ |
| प्रदेश सरकारबाट अनुदान | २०१३३५०० | पूँजीगत खर्च | १७१५५७९३४ |
| राजश्व बाँडफाँट | १२४८९००६०.२६ | वित्तीय/अन्य व्यवस्था | १७१५९९४६५.५८ |
| आन्तरिक आय | ११२९५४९८.९२ | | |
| अन्य आय | १६१८९०११६.७८ | | |
| कुल आय | ६५८४१८१४८.९६ | कुल खर्च | ६५७३१३५९४.५२ |
| बाँकी मौज्दात | | १००३७४००८.९४ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।